परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १७७ पष्ठ ४ २०८३ वैशाख ५ गते शनिवार 18 April, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

अरू भन्दा फरक,सबै भन्दा विश्वस्नीय
बर्दिवासमा
WebSurfer
Fiber Internet & Iptv
नयाँ जडानकालागि
044-550565
9801042026

## शक्तिशाली भनिएको
# आयोगको कमजोर उपलब्धि




● विजयकुमार साह

मधेश प्रदेश सरकारले आर्थिक सुशासन कायम गर्ने उद्देश्यले स्थापना गरेको प्रदेश जनलोकपाल आयोगको उपलब्धि कमजोर छ। प्रदेश सरकारले भ्रष्टाचार नियन्त्रण, मितव्ययिता र सुशासन प्रवर्धन गर्ने लक्ष्यसहित गठन गरेको आयोगमा साढे चार वर्षमा भ्रष्टाचार तथा अनियमिततासम्बन्धी ५६ वटा उजुरी दर्ता भएका छन्। चालु आर्थिक वर्षमा मात्र १० वटा उजुरी परेका छन्। ती उजुरीमाथि अनुसन्धान भए पनि ठोस कारबाही भने हुन सकेको छैन।

आयोगका सूचना अधिकारी प्रसन्नराज कर्णले प्राप्त उजुरीमाथि अनुसन्धान, बयान सङ्कलन तथा स्थलगत निरीक्षण भइरहेको बताउनुभयो। हालसम्म १५ वटा उजुरीको अनुसन्धान सम्पन्न गरी कारबाहीका लागि फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको उहाँले जानकारी दिनुभयो। आयोगले आफ्नो अधिकार क्षेत्रभित्र रहेर काम गरिरहेको भए पनि प्रत्यक्ष कारबाही गर्ने अधिकार नभएकाले प्रभावकारी नदेखिएको उहाँको भनाइ छ।

२०७८ भदौ २२ गते अध्यक्षसहित तीन सदस्यीय आयोग गठन भएको थियो। आयोगमा पदाधिकारी तथा कर्मचारीको तलब भत्ता र सेवा सुविधामा भने वार्षिक एक करोड रुपियाँभन्दा बढी खर्च हुँदै आएको छ। दरबन्दी अभाव पनि आयोगको निष्क्रियताको प्रमुख कारण बनेको आयोगका अध्यक्ष रामसहायप्रसाद यादवको भनाइ छ। आयोगमा आवश्यक कानुन, जनशक्ति तथा अधिकार अभावकै कारण सुरुदेखि नै प्रभावकारी काम हुन नसकेको उहाँले बताउनुभयो। आयोगका दुई सदस्यले १४ महिनाअघि नै नैतिकताका आधारमा राजीनामा दिइसक्नुभएको छ। २०८१ पुसमा सदस्य राजकिशोर साह र शोभाकुमारी महतोले पदबाट राजीनामा दिनुभएको हो। हाल आयोगमा अध्यक्ष यादव मात्र कार्यरत हुनुहुन्छ। उहाँको कार्यकाल पनि आगामी साउनमा सकिँदै छ।

अध्यक्ष यादवका अनुसार आयोग सञ्चालनका लागि ४७ जनाको दरबन्दी प्रस्ताव गरिए पनि प्रदेश सरकारले ३३ पद मात्रै

बाकी पष्ठ ३......

## केक काटेको
# आरोपमा चार जना पक्राउ



● टक नेपाल

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका १ भारदहस्थित कङ्कालिनी मन्दिर प्राङ्गणमा तरबारले केक काटेपछि चार जना पक्राउ परेका छन्।

जिल्लाको भारदहस्थित कङ्कालिनी मन्दिर प्राङ्गणमा तिरहुत गाउँपालिका ५ बुधेवा का २३ वर्षीय मो। इमरानको जन्म दिन मनाउने क्रममा तरबारले केक काटिएको थियो।

बैशाख २ गते साँझ भेला भई तरबारले केक काटेर जन्म दिन मनाएका उहाँलाई ३ गते साँझ पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा इमरानसहित हनुमाननगर कङ्कालिनी नगरपालिका १ का २० वर्षीय धर्मवीर मालाकार, १८ वर्षीय करण कुमार दास र १९ वर्षीय गोविन्द खड्का छन्।

पक्राउ परेकालाई इलाका प्रहरी कार्यालय कञ्चनपुरमा राखी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय, राजविराजका प्रहरी निरीक्षक अनिल कुमार साहले

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।
नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं
गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी, मधेश प्रदेश

हैजा बारे जानौं, बुझौं र सतर्क रहौं
गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरु फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ ।
घरैमा उपचार गर्ने ५ नियम
१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने
२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरु पटक पटक खान दिने
3 नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने
४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नविराइकन खुवाउने
५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने



बर्दिवास नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### रक्तपछिको आशा

वि.सं. २०८२ नेपाली राजनीतिक इतिहासमा एउटा सामान्य वर्ष मात्र रहेन, बरु गहिरा घाउ र महत्वपूर्ण परिवर्तनको संगम बन्यो। वर्षभरि देखिएको अस्थिरता, हिंसा र सत्ता संघर्षले राज्य संयन्त्रप्रति जनविश्वास कमजोर बनायो। तर त्यही अँध्यारोबीच नयाँ आशाका किरणहरू पनि उदाए।

भदौ २३-२४ का घटनाले देखायो कि जनताको धैर्यको सीमा हुन्छ। युवापुस्ताको बलिदानले पुरानो राजनीतिक संस्कारमाथि गम्भीर प्रश्न उठायो। परिणामस्वरूप, नयाँ शक्तिहरूको उदय भयो र परम्परागत दलहरूको वर्चस्व कमजोर बन्यो। बालेन शाह को नेतृत्वमा नयाँ सरकार गठन हुनु जनआकांक्षाको प्रतिविम्ब हो।

साथै, केपी शर्मा ओली र शेरबहादुर देउवा जस्ता स्थापित नेतामाथि कारबाहीको प्रक्रिया सुरु हुनु सुशासनतर्फको संकेत हो। तर केवल कारबाहीले मात्र परिवर्तन सुनिश्चित हुँदैन; संस्थागत सुधार र पारदर्शिता अपरिहार्य छन्।

नयाँ सरकारसँग समय कम छ, अपेक्षा ठूलो। यदि प्रारम्भिक गति कायम राख्न सकिएन भने पुनः निराशा चुलिन सक्छ। त्यसैले २०८३ केवल उत्सवको वर्ष होइन, जिम्मेवारीको वर्ष पनि हो। अबको चुनौती–आशालाई परिणाममा रूपान्तरण गर्ने हो।




# केरा आयातमा प्रतिबन्धसँगै मूल्यमा अस्वाभाविक वृद्धि

• टक नेपाल

नेपालमा सबैभन्दा बढी उपभोग हुने फल हो केरा । सस्तो, सुलभ र स्वास्थ्यवर्द्धक मानिने यो फल अहिले आमनेपालीका लागि 'आकाशको फल' भएको छ। केही महिना अघिसम्म प्रतिदर्जन १२० देखि १५० रुपैयाँमा पाइने केराको मूल्य अहिले उपत्यकाका खुद्रा पसलहरूमा ३५० देखि ४०० रुपैयाँसम्म पुगेको छ।



आइतबार जडीबुटी तरकारी पसलमा तरकारी किन्न गएकी गीता कार्कीले तरकारी किनिसकेपछि केरा पनि किन्न खोजिन् । यद्यपि केराको मूल्य सुन्नासाथ सात्तो उडेको उनी बताउँछिन् । 'हाम्रो करेसाबारीमै ५/७ वटा रुख थिए, हावाहुरीले ढलेपछि अहिले छैन । धेरै भएको थियो केरा नकिनेको, भाउ त आकाशै छुने भएछ,' उनले भनिन् ।

कार्कीका अनुसार आइतबार ३५० रुपैयाँ प्रतिदर्जन केराको भाउ थियो ।

कार्कीले भनेजस्तै अहिले उपत्यकामा मात्रै नभई देशभरि केराको मूल्य उच्च छ। कालिमाटी फलफूल तथा तरकारी विकास समितिका अनुसार कात्तिक १ गते १२० रुपैयाँ दर्जन रहेको केराको मूल्य अहिले २५० रुपैयाँ प्रतिदर्जन छ । यो थोक मूल्य हो । 'हामीले किन्दा नै ३०० रुपैयाँभन्दा बढी पर्छ। अहिले ४ सय रुपैयाँ प्रतिदर्जन माथि बेच्ने गरेका छौँ,' साइकलमा केरा बेच्ने रामशंकर ठाकुर भन्छन् । उनले महँगीको कारण अहिले बिक्री नै हुन छोडेको बताए । 'अहिले केरा खासै बिक्री हुँदैन । मान्छेले किन्न खोज्दैनन्,' उनले भने ।

पाटन फ्यूट हाउसका सञ्चालक सञ्जीव महर्जनका अनुसार अहिले भारतीय केरा आएको छैन भने स्वदेशी केराको अभाव छ। त्यसैले महँगी भएको उनको भनाइ छ । 'हामीले किन्दा नै बिचमा ३/४ ठाउँमा बिक्री भइसक्छ,' महर्जनले भने, 'किसानबाट केरा डाइरेक्ट व्यापारीले उठाउँछ। त्यसपछि उसले मण्डीमा पठाउँछ। अनि हामीले मण्डीबाट ल्याएर बेच्छौँ। सबैले रिक्स लिएका छन्। अनि त्यो अनुसार कस्ट बढिरहेको छ।'

किन लाग्यो आयात प्रतिबन्ध ?

नेपाल सरकारले असोज २ गतेदेखि भारतबाट केरा आयातमा कडाइ गरेको छ। 'पनामा रोग'का कारण केरा आयातमा प्रतिबन्ध लगाइएको हो। प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका रोशन अधिकारीका अनुसार यो रोग केरा खेतीका लागि 'ब्ल्याक डेथ' जस्तै हो।

कैलाली र कञ्चनपुरका केही फार्ममा यो रोग देखिएको अधिकारीले बताए। 'यो ढुसीजन्य रोग हो, जसले केराको बोटलाई भित्रैदेखि सुकाउँछ र एकपटक माटोमा फैलिएपछि वर्षौंसम्म माटोलाई सङ्क्रमित बनाउँछ,' उनले भने।

यो रोग भारतबाट आयातित बिरुवा वा फलसँगै भित्रिएको हुन सक्ने उनको भनाइ छ। 'त्यसैले नेपालको अर्बौंको केरा खेती जोगाउन हामीले आयात अनुमति पत्र दिन रोकेका हौँ,' उनले भने।

रोगको जोखिम यतिसम्म छ कि यदि यसलाई समयमै नियन्त्रण गरिएन भने नेपालको कुल १२ देखि १३ हजार हेक्टरमा फैलिएको केरा खेती सखाप हुन सक्छ। १२ अर्बभन्दा बढीको लगानी जोखिममा परेका कारण सरकारले कठोर कदम चाल्नुपरेको अधिकारीको तर्क छ।

'बल्ल उचित मूल्य पाइयो'

नेपाल केरा उत्पादक महासंघका अध्यक्ष विष्णु पन्तको अहिले बल्ल किसानले मूल्य पाएको बताए। 'विगतमा भारतबाट आउने सस्तो केराले गर्दा नेपाली किसानका केरा बोटमै कुहिएका थिए। हामीले २०-२५ रुपैयाँ दर्जनमा केरा बेच्नुपर्थ्यो, जसले लगानी पनि उठ्दैनथ्यो,' पन्तले भने।

अहिले किसानले बोटबाटै ६० देखि ८० रुपैयाँ प्रतिदर्जन पाउने गरेका छन् । पन्तका अनुसार नेपाल केरामा ७० प्रतिशत आत्मनिर्भर छ। बाँकी ३० प्रतिशत अभावलाई अवसरमा बदल्न किसानहरू अहिले उत्साहित भएर लागेका छन्।

बाकी पष्ठ ३......

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवाि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको

गौशाला नगरपालिका, महोत्तरी मधेश प्रदेश



## शक्तिशाली भनिएको आयोगको ....................

स्वीकृत गरेको छ । त्यसमध्ये हाल कायममुकायमसहित १३ जना कर्मचारी मात्र कार्यरत छन् । कार्यालयमा दुई उपसचिव, तीन शाखा अधिकृत, एक कानुन अधिकृत, एक सहले खापाल, एक सुब्बा, पाँच कार्यालय सहयोगी र एक सवारीचालक कार्यरत छन् ।

जनकपुरधामको मुजेलियास्थित सडक डिभिजन कार्यालयपरिसरमा रहेको आयोगको कार्यालयले प्रदेश तथा स्थानीय तहका सरकारी निकायमा अनुगमन, निरीक्षण, लेखा विवरण परीक्षण, आवश्यक कागजात माग तथा निदेशन दिने कानुनी अधिकार राख्छ । यद्यपि व्यवहारमा भने आयोगका निर्देशनसमेत प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

जनलोकपाललगायत प्रदेश सरकारले गठन गरेका अन्य निकायको औचित्य र आवश्यकता अध्ययन गर्न दुई वर्षअघि प्रदेश मन्त्रीपरिषद्ले प्रमुख सचिवको संयोजकत्वमा १५ सदस्यीय साङ्गठनिक संरचना पुनरावलोकन कार्यदल गठन गरेको थियो । कार्यदलले जनलोकपालको औचित्य नरहेको निष्कर्ष निकालेको थियो ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश जनलोकपाल आयोगले प्रभावकारी कामकाज गर्न नसकेको स्वीकार गर्दै आवश्यक समीक्षा गरिने बताउनुभयो । कार्यदलले जनलोकपालको औचित्य नरहेको निष्कर्ष निकाले पनि अहिलेसम्म प्रतिवेदन पेस नगरेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हाल सङ्घीय ऐनले खासै अधिकार दिएको अवस्था छैन । अहिले हामी सबै सङ्घलाई बलियो बनाउने र प्रदेशलाई पनि सुदृढ बनाउने अभियानमा लागिरहेका छौँ ।" संविधानले परिकल्पना गरेको अधिकार साँच्चिकै प्रदान भएमा जनलोकपाल आयोग पूर्ण क्षमतामा काम गर्न सक्ने बनाउने अन्यथा यस विषयमा सोच्नुपर्ने मुख्यमन्त्री यादवले बताउनुभयो ।

## केरा आयातमा प्रतिबन्धसँगै ....................

'अहिलेमात्रै २० लाख नयाँ बिरुवा रोपिएका छन् । अर्को वर्षसम्म हामी केरामा पूर्ण रूपमा आत्मनिर्भर हुन्छौँ । केही महिनाको कष्ट उपभोक्ताले सहिदिने हो भने हामी विदेशी केरा सधैँका लागि बिदा गर्न सक्छौँ,' पन्तले भने ।

पन्त बिचौलियाहरूले गर्दा बजार महँगो भएको बताउँछन् । उनका अनुसार किसानबाट ८० मा किनेर उपभोक्तालाई ४०० मा बिचौलियाले बेचिरहेका छन् । 'हामीले पाएको ६०-८० हो, तर बजारमा ४०० पुग्नु भनेको व्यापारीको कालोबजारी हो,' उनले भने ।

**व्यवसायीको आफ्नै तर्क**

फलफूल तथा तरकारी व्यवसायी संघका निवर्तमान अध्यक्ष खेम घिमिरे भने सबै व्यापारीलाई एउटै दृष्टिकोणले हेर्न नहुने बताउँछन् । उनले भने, 'हामी आत्मनिर्भर हुने कुरा त राम्रो हो, तर यथार्थमा हाम्रो उत्पादनले बजारको माग धान्दैन । विशेष गरी सुक्खा मौसममा नेपालमा केरा उत्पादन कम हुन्छ ।'

व्यापारीहरूका अनुसार, भारतीय केराको आयात रोकिंदा माग र आपूर्तिबिच ठुलो खाडल बनेको छ । यही खाडलमा बिचौलियाहरूले खेलिरहेका छन् । किसानदेखि उपभोक्तासम्म आइपुग्दा केरा चार-पाँच तहका व्यापारीको हातमा पुग्छ । प्रत्येकले आफ्नो नाफा र ढुवानी खर्च जोड्दा मूल्य अकासिन्छ ।

अर्कोतर्फ भारतबाट ठुलो परिमाणमा केरा आयात गर्ने व्यापारीहरूले सरकारलाई दबाब दिन 'कृत्रिम अभाव' सिर्जना गरेको आरोप पनि छ । अहिले केरा महँगो हुनुको अर्को कारण हो बिचौलिया र कृत्रिम अभाव । 'नेपालमा केरा उत्पादनले हाम्रो बजार धान्दैन, तर यो बिचमा नेपालकै उत्पादन भएका केरा पनि पर्याप्त बजारमा आइरहेको छैन । अहिले भारतबाट फलफूल सप्लाई गर्नेहरू कसरी हुन्छ, मार्केट प्यानिक बनाउन खोजिरहेका छन्,' कालिमाटीका एक व्यापारीले भने ।

भारतबाट फलफूल सप्लाइ गर्नेहरूले भारतबाट केरा आयात गर्न खुलाउनु नै मुख्य दाउ बनाएको ती व्यापारी भन्छन् । 'यदि बजारमा धेरै महँगो भयो भने सरकारले फेरि आयात खोल्छ भन्ने उनीहरूको दाउ छ,' उनले भने ।

नेपाल कृषि अनुसन्धान परिषदले बेल्जियमबाट केराका 'मदर प्लान्ट' (माउ बोट) ल्याएर तन्तु प्रजननको तयारी गरिरहेको छ । यसले रोगमुक्त र उच्च उत्पादन दिने बिरुवा उत्पादन गर्ने लक्ष्य राखेको छ ।

नार्कका अनुसार नेपालमा विशेषगरी जि-नाइन जातको केराको माग बढी छ । यसको व्यावसायिक खेतीका लागि चितवन, कैलाली, सुनसरी र झापा पकेट क्षेत्र मानिन्छन्, तर व्यवस्थित शीतभण्डार र पकाउने च्याम्बरको अभावले नेपाली केरा चाँडै बिग्रिने समस्या छ ।

भारतीय केरा लामो समयसम्म ताजा देखिनुमा उनीहरूको 'कोल्ड चेन' व्यवस्थापन बलियो हुनु प्रमुख कारण हो । केरामा उपभोक्ताले तिरेको मूल्यको आधाभन्दा बढी हिस्सा खुद्रा व्यापारी र बिचौलियाको खल्तीमा जान्छ । खुद्रा व्यापारीको तर्क छ 'केरा चाँडै कुहिन्छ, आधा फाल्नुपर्छ, त्यसैले मूल्य बढाउनुपर्छ ।'

समन्वयको अभाव

प्लान्ट क्वारेन्टाइनले रोगको कारण देखाएर आयात रोक्नु जायज देखिए पनि त्यसले बजारमा पार्ने असरको बारेमा वाणिज्य विभाग र कृषि मन्त्रालयबिच समन्वय अभाव देखिन्छ । एकातिर कृषि मन्त्रालय आत्मनिर्भरताको नारा लगाउँछ, अर्कोतिर वाणिज्य विभागले बजारमा भइरहेको कालोबजारी नियन्त्रण गर्न सक्दैन । क्वारेन्टाइनका सूचना अधिकारी रोशन अधिकारीले भने, 'हाम्रो काम जैविक सुरक्षा हेर्ने हो । बजारको भाउ हेर्ने काम अन्य निकायको हो ।'

कृषि अभियन्ता बद्री कँडेल नेपाललाई साँच्चै केरामा आत्मनिर्भर बनाउने हो भने सरकारले आयात रोकेरमात्र नपुग्ने बताउँछन् । किसानलाई सहुलियतमा बिरुवा, मल र प्रविधि उपलब्ध गराउनुपर्ने उनको भनाइ छ । ठाउँ-ठाउँमा रिपेनिङ च्याम्बर र कोल्ड स्टोर बनाउनुपर्ने र उपभोक्ताले तिरेको मूल्यको उचित अंश किसानले पाउने संयन्त्र निर्माण गर्नुपर्नेमा उनले जोड दिए ।




## सांस्कृतिक सम्पदाहरुको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

**गौशाला नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

विशेष महाधिवेशनलाई

# मैले मानेको छैन, मान्दिनँ : विमलेन्द्र निधि



● टक नेपाल

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टी आधिकारिकताबारे सर्वोच्चको फैसलाबारे आफ्नो कुनै प्रतिक्रिया नभएको बताएका छन् ।

शुक्रबार सर्वोच्च अदालतका न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले विशेष महाधिवेशनबाट निर्वाचित भएर आएको गगन थापा नेतृत्वलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयलाई सदर गरेपछि संक्षिप्त प्रतिक्रिया दिँदै उनले यस्तो बताएका हुन् ।

उनले विशेष महाधिवेशन आफूले नमानेको र अब पनि नमान्ने बताए ।

'सर्वोच्च अदालतको निर्णयमा मेरो केही भन्नु छैन । तर, विशेष महाधिवेशन मैले मानेको छैन । मान्दा पनि मान्दिनँ,' उनले अनलाइनखबरसँग भने ।

उनले अन्य विषयमा पार्टीका नेताहरूसँग छलफल गरेर निर्णय गर्ने पनि बताए ।

# चैतेबाली भित्र्याउन महँगीको व्यवधान

● टक नेपाल



महोत्तरी जिल्लाका किसान यतिबेला चैतेबाली अन्तर्गत गहुँ, रहरलगायत बाली भित्र्याउने चटारोमा छन् । बेमौसमी हावाहुरी र वर्षाको जोखिम बढेसँगै सम्भावित क्षति टार्न उनीहरू हतार हतारमा खेतमै खटिन बाध्य भएका हुन् । बिहानदेखि बेलुकासम्म किसान गहुँ काट्ने, थ्रेसरमार्फत दाना छुट्याउने र सुरक्षित भण्डारण गर्ने काममा व्यस्त छन् ।

यस बिचमा डिजेल तथा अन्य इन्धनको मूल्यवृद्धिले कृषि कार्यको लागत झन् बढाएको किसानको गुनासो छ । ट्र्याक्टर तथा थ्रेसर सेवाको भाडा महँगिँदा उत्पादन खर्च थपिएको उनीहरू बताउँछन् ।


औरही नगरपालिका-२ का किसान दिनेश यादवका अनुसार मौसमको अनिश्चितले पनि किसानलाई दबाबमा पारेको छ । "हावाहुरी र वर्षाको सम्भावना बढी हुने भएकाले बाली नष्ट हुने डरले हामी सबै परिवार खेतमै खटिएका छौं," उहाँले भन्नुभयो, "गहुँ छिटो काटेर थ्रेसरबाट दाना छुट्याउनु पर्छ तर इन्धनको भाउ महँगिएसँगै कृषि उपकरणको भाडा पनि बढेर थेग्नै मुस्किल परेको छ ।"किसानका अनुसार खेत जोताइको लागत पनि अस्वाभाविक रूपमा बढेको छ । स्थानीय किसान पीडा यादवले ट्र्याक्टरले खेत जोत्दा प्रतिघण्टा दुई हजार दुई सय रुपियाँसम्म तिर्नु परेको छ । "इन्धन महँगिएको भन्दै सेवाप्रदायकले मनोमानी भाडा असुलिरहेका छन्, जसले साना किसानलाई बढी मारमा पारेको छ," उहाँले भन्नुभयो । यसबाहेक मजदुर अभावले पनि किसानलाई थप समस्यामा पारेको छ । बाली भित्र्याउने मुख्य सिजन मै पर्याप्त कामदार नपाउँदा काम ढिलाइ भइरहेको उनीहरूको भनाइ छ । समयमै बाली भित्र्याउन नसके उत्पादनमा ठुलो क्षति हुने भन्दै किसानले सम्बन्धित निकायसँग आवश्यक सहजीकरण र सहयोगको माग गरेका छन् । यता कृषि प्राविधिकले सम्भावित हावाहुरी, असिना र वर्षालाई ध्यानमा राख्दै सकेसम्म छिटो बाली भित्र्याउन किसानलाई सुझाव दिएका छन् ।










बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014